नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक १०० २०८३ साल कात्तिक ३० गते सोमबार (16 Nov 2026 Monday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : माटाका आकृतिमा जीवन्त... ३ पृष्ठमा : छठी गीतको गुञ्जनमा... ३ पृष्ठमा : जलवायु प्रतिबद्धता कार्यान्वयनमा...

अस्ताउँदो सूर्यलाई अर्घ्य दिइयो

दैनिक समाचारदाता
राजविराज, २९ कात्तिक ।

लोक आस्थाको महापर्व छठ अन्तरगत तेस्रो दिन आइतबार साँझ व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका छन् ।

शुक्रबार नहाय-खाय विधिवाट सुरु भएको पर्वको दोस्रो दिन शनिबार व्रतालुले दिनभर उपवास बसेर राति खरना विधि पूरा गरेका थिए । त्यसपछि आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिने विधिलाई मिथिलाञ्चलमा 'सझिया अरख' भनिन्छ ।



व्रतालु रातभर घाटमै बसेर छठी माताको पूजा आराधना तथा भक्ति गीत गाउने परम्परा छ । पर्वको अन्तिम दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि चारदिने छठ पर्व सम्पन्न हुनेछ । बिहानको यस विधिलाई मिथिलाञ्चलमा 'भोरका अरख' वा 'पारन' भनिन्छ ।

छठ पर्वका अवसरमा परिवारका सदस्यले घरमै ठेकुवा, भुसुवा, खजुरी र पुडुकियालगायत परिकार तयार गरी नरिवल, फलफूल, मिठाइ र उखुसहितका सामग्री कोनिया, ढक्की तथा नाइलोमा सजाएर घाटमा लैजाने गर्छन् ।

सूर्यदेव र छठी माताको आराधना गर्दा मनोकामना पूरा हुने, परिवारमा सुख, शान्ति र समृद्धि छाउने तथा सन्तान सुख प्राप्त हुने धार्मिक विश्वास रहीआएको छ ।

जलाशयका घाटलाई आकर्षक रूपमा सिँगारिएको थियो । राजविराजस्थित भगवती, कल्दुदास, झल्ही, तुरन्ती र तेतरी गाछीलगायत जिल्लाका विभिन्न पोखरी, नदी तथा जलाशयमा भेला भएका व्रतालुले विधिपूर्वक सूर्यको पूजा आराधना गर्दै अर्घ्य दिएका हुन् ।

छठका लागि व्रतालु तथा

ब्रत बसेकी महिलाको निधन

दैनिक समाचारदाता
राजविराज, २९ कात्तिक ।

छठ पर्वका लागि ब्रत बसेकी राजविराजकी एक महिलाको आइतबार निधन भएको छ ।

राजविराज वडा न.. २ निवासी ३२ वर्षिया रिना कुमारी यादवको निधन भएको हो । उनी सोही वडाका अध्यक्ष अरुण कुमार यादवकी पत्नी हुन् ।

पेटमा दुख्ने समस्या देखिए पश्चात उनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गरिएको थियो । अस्पतालमा भर्ना गरिए पश्चात चिकित्सकले उपचार शुरु गरे लगत्तै उनको अवस्था झनै बिग्रिदै गएको थियो । स्वस्थ्य अवस्था गम्भिर देखिए पश्चात उनलाई राजविराजकै छिन्नमस्ता अस्पताल लगिएको र त्यहाँ चिकित्सकले उनलाई मृत घोषणा गरेको थियो । मृतक यादवको एक छोरा र एक छोरी छन् ।

विशेष सुरक्षा सल्लाहकार कार्कीले पत्र बुझे

काठमाडौं, २९ कात्तिक (रासस) ।

प्रधानमन्त्री वालेन्द्र शाहको विशेष सुरक्षा सल्लाहकारमा नियुक्त हुनुभएका तत्कालीन प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले सोही दिन पत्र बुझ्नुभएको गृह मन्त्रालयले जानकारी दिएको छ ।

मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षा सम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन कार्कीलाई यही कात्तिक १८ गतेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद सिर्जना गरी नियुक्त गरेको थियो ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले कार्कीले सोही दिन नियुक्ति पत्र बुझ्नुभएको जानकारी दिनुभयो । त्यसपछि तिहार र छठ पर्वको सेमत लामो विदा परेका कारण उहाँ कार्यालय हाजिर भने हुनुभएको छैन । उहाँको कार्यकक्ष सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना गरिएको छ ।

तर पूर्वप्रहरीमहानिरीक्षक कार्कीले भने आफूलाई महानिरीक्षक पदबाट हटाएको भन्दै सरकारको सो निर्णयका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको छ ।

सबै धर्म, संस्कृति र परम्पराको संरक्षणमा सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री

काठमाडौं, २९ कात्तिक (रासस) ।

प्रधानमन्त्री वालेन्द्र शाहले सरकार सबै धर्म, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रकृति र आस्थाको पर्व छठको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आदरणीय आमाबुवा, दिदीबहिनी तथा दाजुभाइमा शुभकामना व्यक्त गर्नुभएको छ ।

रष्र सन्देशमा उहाँले छठका माध्यमबाट हामीलाई जीवनको एक गहिरो दर्शन सिकाउने उल्लेख गर्नुभएको छ । "भगवान् सूर्यदेव र छठी माताको आराधनाका साथ परिवारको सुख, शान्ति, आरोग्य र सन्तानको दीर्घायुको कामना गर्दै यो पर्व मनाइन्छ", उहाँले सन्देशमा भन्नुभएको छ, " जहाँ उदाउँदो सूर्यलाई झैं अस्ताउँदो सूर्यलाई पनि उत्तिकै श्रद्धा र सम्मानका साथ अर्घ्य दिइन्छ । यसले प्रकृतिप्रतिको कृतज्ञता र जीवनका हरेक अवस्थालाई सम्मान गर्ने प्रेरणा दिन्छ ।"

चार दिनसम्म विधिपूर्वक मनाइने यस पर्वको पहिलो दिन नहाय-खाय, दोस्रो दिन खरना, तेस्रो दिन अर्थात् आइतबार साँझ अस्ताउँदो सूर्यलाई र चौथो दिन भोलि बिहान उदाउँदो सूर्यलाई जलाशयको किनारमा अर्घ्य दिइने परम्परा प्रधानमन्त्रीले सन्देशमा स्मरण गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले छठ पर्वले हामी सबैमा सकारात्मक ऊर्जा भर्दै देशमा सुशासन, सामाजिक न्याय र समृद्धिको सङ्कल्प पूरा गर्न प्रेरणा प्रदान गरोस् तथा भगवान् सूर्यदेव र छठी माताको कृपा हामी सबैमाथि सधैं बनिरहोस् भन्ने कामना गर्नुभएको छ ।

शुभकामना सन्देशको अन्त्यमा प्रधानमन्त्रीले मैथिली भाषामा समेत भन्नुभएको छ, "छैठके बहुत रास शुभकामना ! दीनानाथ आ छैठ परमेश्वरी सब के जीवन में सुख, शान्ति आ समृद्धि लइथिन से कामना करैछि ।"

मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि दाबी पेस गर्न आह्वान

जनकपुरधाम, २९ कात्तिक (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले राजीनामा दिएसँगै मधेस प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ ।

प्रदेश प्रमुखको कार्यालयले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्तिका लागि बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई दावी पेस गर्न आह्वान गरेको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री यादवले नेपालको संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम मुख्यमन्त्री पदबाट दिएको राजीनामा शनिबार स्वीकृत गर्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नयाँ सरकार गठनको प्रक्रिया अघि बढाइएको हो ।

संविधानको धारा १६८ को उपदफा २ अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्ने प्रयोजनका लागि आफ्नो दावी पेस गर्न शनिबार प्रदेश प्रमुखले आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुखको कार्यालयले इच्छुक प्रदेशसभा सदस्यलाई २०८३ साल मङ्सिर ४ गते शुक्रबार दिउँसो ४ बजेभित्र मधेश प्रदेशको मुख्यमन्त्री पदमा नियुक्तिका लागि आफ्नो दावी पेस गर्न समय सीमा तोकेको छ ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो कादृदा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

राजविराज नगर क्षेत्रमा दुर्घटना न्यूनीकरणका लागि डिभाइडर राखौं

राजविराज नगर क्षेत्रमा पछिल्लो समय सडक विस्तारसँगै सवारीसाधनको चाप र आवागमन पनि बढ्दै गएको छ । सडक फराकिलो हुनु विकासका दृष्टिले सकारात्मक पक्ष भए पनि यसले सडक दुर्घटनाको जोखिमसमेत बढाउन सक्ने भएकाले समयमै सावधानी अपनाउनु आवश्यक छ । विशेषगरी मुख्य सडक तथा बढी सवारी चाप हुने स्थानमा सडक अनुशासनको अभाव र जथाभावी सवारी आवागमनले दुर्घटनाको सम्भावना बढाएको छ । राजविराज नगर क्षेत्रमा मोटरसाइकल, साइकल, ई-रिक्सा, चारपाङ्गे सवारीसाधन तथा पैदलयात्रीको आवागमन बाक्लो हुने गरेको छ । एउटै सडकबाट दुवैतर्फका सवारीसाधन सञ्चालन हुँदा कतिपय स्थानमा अव्यवस्थित आवागमन हुने गरेको छ । सवारी चालकले आफूखुसी बाटो काट्ने, गलत दिशाबाट सवारी चलाउने तथा तीव्र गतिमा सवारीसाधन गुडाउने प्रवृत्तिले दुर्घटनाको जोखिम थप बढाएको छ ।

यस्तो अवस्थालाई नियन्त्रण गर्न नगर क्षेत्रका मुख्य तथा आवश्यक सडक खण्डमा व्यवस्थित डिभाइडर राख्नु उपयुक्त हुन्छ । डिभाइडरले विपरीत दिशाबाट आउने सवारीसाधनलाई छुट्याउन, जथाभावी बाटो काट्ने प्रवृत्ति रोक्न र सवारी आवागमनलाई व्यवस्थित बनाउन सहयोग पुऱ्याउँछ । तर डिभाइडर राख्दा सडकको चौडाइ, सवारी चाप, पैदलयात्रीको आवागमन र आपत्कालीन सवारीसाधनको सहजतालाई पनि ध्यान दिनुपर्छ । डिभाइडर राख्नु मात्रै दुर्घटना न्यूनीकरणको पूर्ण समाधान भने होइन । सडकमा पर्याप्त ट्राफिक संकेत, जेब्रा क्रसिङ, गति नियन्त्रणका उपाय, सडक बत्ती तथा आवश्यक स्थानमा ट्राफिक प्रहरीको व्यवस्था पनि हुनुपर्छ । विद्यालय, अस्पताल, बजार र बढी भीडभाड हुने क्षेत्रमा विशेष सावधानी अपनाउन आवश्यक छ ।

यसका लागि राजविराज नगरपालिका, ट्राफिक प्रहरी र सम्बन्धित निकायबीच समन्वय हुनु जरुरी छ । सडक सुरक्षासम्बन्धी जनचेतना अभियान सञ्चालन गर्दै सवारी नियम उल्लङ्घन गर्नेलाई कानुनअनुसार कारबाही गर्नुपर्छ । तसर्थ सडक विकासको उद्देश्य केवल सवारीसाधनको गति बढाउनु होइन, नागरिकको यात्रा सुरक्षित र सहज बनाउनु पनि हो । त्यसैले राजविराज नगर क्षेत्रका जोखिमयुक्त सडक खण्ड पहिचान गरी आवश्यकताअनुसार डिभाइडर राख्ने काममा सम्बन्धित निकायले ढिलाइ गर्नु हुँदैन ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ विक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

माटाका आकृतिमा जीवन्त मिथिलाको प्रेम र लोकसंस्कृति : सामा-चकेवा पर्व

अजयकुमार साह
धनुषा, २९ कात्तिक (रासस) ।

मिथिलाञ्चलका गाउँबस्तीमा साँझ पर्नासाथ हातमा रङ्गीचङ्गी माटाका आकृति राखिएको बाँसको डाला, त्यसमा बलिरहेको दियो र समूहमा गुञ्जिने लोकगीतले वातावरण नै उल्लासमय बन्छ । युवती तथा महिलाहरूको सामूहिक स्वरमा गुञ्जिने सामा-चकेवाका गीतले दाजुभाइप्रतिको माया, दिदीबहिनीबीचको आत्मीयता र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको मिथिलाको सांस्कृतिक परम्परालाई जीवन्त बनाउँछ ।

मिथिलाञ्चलमा छठ पर्वसँगै सुरु हुने सामा-चकेवा केवल मनोरञ्जन वा धार्मिक अनुष्ठान मात्र होइन, यो प्रेम, समर्पण, त्याग र पारिवारिक सम्बन्धको भावनात्मक अभिव्यक्ति पनि हो । माटोका विभिन्न आकृतिलाई पात्र बनाएर गीत र संवादमार्फत कथा प्रस्तुत गरिने यो परम्परा मिथिलाको विशिष्ट गीति लोकनाट्यका रूपमा परिचित छ ।

कार्तिक शुक्ल पञ्चमीदेखि सुरु हुने सामा-चकेवा पर्व पूर्णिमासम्म ११ दिन मनाइन्छ । यस अवधिमा मिथिलाञ्चलका दिदीबहिनी, छोरीबुहारी तथा महिलाहरू राति समूहमा भेला भएर सामा-चकेवा खेल्ने गर्छन् । उनीहरूले दाजुभाइको सुस्वास्थ्य, दीर्घायु, सुख, शान्ति र समृद्धिको कामना गर्दै परम्परागत गीत गाउँछन् ।

पर्वको पहिलो दिन महिलाहरूले दाजुभाइको हातबाट माटो खनेर ल्याउने परम्परा छ । त्यही माटोबाट सामा, चकेवा, चुगला, सतभइया, वनतितर, झाँझी कुकुरलगायत विभिन्न पात्रका आकृति बनाइन्छन् । माटाका ती आकृति सुकाएपछि विभिन्न रङले सजाएर बाँसको डालामा राखिन्छ । राति दियो बालेर ती आकृति गाउँका चौक, चौराहा, दोबाटो तथा सार्वजनिक स्थानमा लगिन्छन् । त्यसपछि सामूहिक रूपमा गीत गाउने, नाच्ने र माटाका पात्रलाई संवादमार्फत जीवन्त बनाउने गरिन्छ ।

मधेस प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष तथा संस्कृतिविद् रामभरोस कापडीका अनुसार सामा-चकेवा पर्व दिदीबहिनीले दाजुभाइको दीर्घायु र समृद्धिका लागि गर्ने सांस्कृतिक अनुष्ठान हो । यसमा गीत, सङ्गीत, नाटकीय प्रस्तुति र लोकविश्वासको सुन्दर संयोजन रहेको छ । उहाँका अनुसार अन्य लोकनाट्यमा मानिसले पात्रका रूपमा अभिनय गर्छन् भने सामा-चकेवामा माटाका आकृतिलाई पात्र बनाएर महिलाहरूले गीत र संवादमार्फत कथा प्रस्तुत गर्छन् । यस क्रममा 'गामके अधिकारी तोहे बरका भैया हो, भैया हातदश पोखरी खुनाई दिय, चम्पा फूल लगाइदिय' र 'सामचको सामचको अइहा हो, अइहा हो, गुँढ खेतमे भसिया हो' जस्ता लोकगीत गाइन्छन् । यी गीतमा दाजुभाइप्रतिको माया, पारिवारिक सम्बन्ध, सामाजिक जीवन र प्रकृतिप्रतिको आत्मीयता अभिव्यक्त भएको पाइन्छ ।

माटाका पात्रमा जीवन्त हुन्छ लोकनाट्य

सामा-चकेवा पर्वको सबैभन्दा विशिष्ट पक्ष माटाका आकृतिमार्फत कथा प्रस्तुत गरिनु हो । यसमा सामा र चकेवा मुख्य पात्रका रूपमा रहन्छन् । सामा स्त्री पात्र र चकेवा पुरुष पात्र हुन् । यसबाहेक चुगला, ढोलिया, भरिया, सतभइया, खर्जाचडैया, वनतितर, झाँझी कुकुर, भैया बटतकनी, मलिनियाँ र वृन्दावनजस्ता पात्र पनि बनाइन्छन् । यी पात्रले मिथिलाको सामाजिक, पारिवारिक तथा प्राकृतिक जीवनका विभिन्न पक्षलाई प्रतिनिधित्व गर्छन् । समाजमा चुक्ली गर्ने र सम्बन्ध बिगार्ने प्रवृत्तिलाई चुगलाले प्रतिनिधित्व गर्छ भने वृन्दावनले वन तथा प्रकृतिसँगको सम्बन्धलाई उजागर गर्छ ।

माटाका सबै आकृति एउटै डालामा राखेर महिलाहरूले गीत गाउँदै नचाउँछन् । गीतका शब्द र भावअनुसार पात्रहरूलाई चलायमान बनाइन्छ । कतिपय प्रसङ्गमा चुगलाको मुख आगोले पोल्ने र वृन्दावनमा आगो लगाउने अभिनयसमेत गरिन्छ । 'वृन्दावनमे आगि लागल, केओ ने मिझावे हे' जस्ता गीतले लोकनाट्यलाई थप भावनात्मक बनाउँछन् । सामा-चकेवा माटाका मूर्तिको पूजा मात्र नभई गीत, अभिनय, संवाद र सामूहिक सहभागितामा आधारित मौलिक लोकनाट्य हो । महिलाहरू यसका कलाकार मात्र होइनन्, उनीहरू नै कथाका सूत्रधार र प्रस्तोता पनि हुन् ।

परम्परा र विधिविधान

सामा-चकेवा पर्वको सुरुआतसँगै माटाका विभिन्न पात्र बनाउने काम सुरु हुन्छ । चुगलाको आकृति बनाउन माटोको ढिस्कोसँगै सनपाट प्रयोग गरिन्छ, जसले पछि आगो लगाउन सहज बनाउँछ । त्यसैगरी वृन्दावन बनाउन सुकेको राडी घाँस बाँधेर आकृति तयार गरिन्छ । राति खाना खाइसकेपछि महिलाहरू तथा बालिकाहरू आ-आफ्नो घरबाट दियो बालिएको डाला लिएर निस्कन्छन् । उनीहरू समूहमा भेला भएर गीत गाउँदै सामा-चकेवालगायतका पात्रलाई दुबो टिपेर खान दिन्छन् । शीतलाई पानीको प्रतीक मानेर पात्रहरूलाई खुवाउने परम्परा पनि छ ।

त्यसपछि सबैले आफ्ना डाला गोलाकार रूपमा राखेर गीत गाउँदै वरिपरि घुम्छन् । गीतको क्रमसँगै विभिन्न पात्रको कथा प्रस्तुत गरिन्छ । चुगलाको मुख पोल्ने र वृन्दावनमा आगो लगाउने विधिले लोकनाट्यलाई थप रोचक बनाउँछ । यो क्रम पूर्णिमासम्म हरेक रात दोहोरिन्छ । क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरका अवकाश प्राप्त शिक्षक तथा पुरोहित लालबाबु झाका अनुसार पर्वको अन्तिम दिन बिहानै माटाका आकृतिलाई पुनः रङरोगन गरी सुकाइन्छ । साँझपख दहीचिउरा खुवाएर सामा चकेवाबाट दाजुभाइको फार भराउने र दाजुभाइबाट सामा-चकेवाका आकृति फुटाउन लगाउने परम्परा छ ।

त्यसपछि दिदीबहिनीहरूले बाजागाजा र गीतनादसहित सामा-चकेवाका आकृतिलाई गाउँबाहिर खेत वा जलाशयमा लगेर विसर्जन गर्छन् । विसर्जनपछि दाजुभाइलाई दहीचिउरा तथा पकवान खुवाएर उनीहरूको दीर्घायु र समृद्धिको कामना गरिन्छ । यसरी पर्वको विधिवत् समापन हुन्छ । क्षीरेश्वरनाथ नगरपालिका-२ की ३२ वर्षीया अनिता यादवका अनुसार छठ पर्वको खरना विधि गरिने दिनदेखि नै सामा-चकेवाको तयारी सुरु हुन्छ । छठको तयारीसँगै महिलाहरूले सामा-चकेवाका लागि आवश्यक माटो, बाँसको डाला, रङ र अन्य सामग्रीको जोहो गर्छन् । उहाँका अनुसार सामा-चकेवा खेल्ने क्रममा गाउँका महिलाहरूबीच भेटघाट, सामूहिकता र आत्मीयता बढ्ने गरेको छ ।

पुराणसँग जोडिएको सामा-चकेवाको कथा

सामा-चकेवा पर्वको उत्पत्तिबारे विभिन्न धार्मिक तथा सांस्कृतिक मान्यता प्रचलित छन् । यसको चर्चा पद्मपुराण र स्कन्दपुराणमा समेत पाइने संस्कृतिविद्हरू बताउँछन् । मैथिली संस्कृतिका जानकार प्राध्यापक अरुण चौधरीका अनुसार प्रचलित पौराणिक कथाअनुसार सामा अर्थात् श्यामा भगवान् कृष्णकी छोरी थिइन् । उनका पति चारुवक्य थिए । उनीहरूबीचको प्रेम र सम्बन्धमा चुगलाले गलत सूचना दिएपछि विवाद उत्पन्न भएको थियो ।

कथाअनुसार चुगलाको कुरा सुनेर भगवान् कृष्णले आफ्नी छोरी श्यामालाई चराको रूप धारण गर्ने श्राप दिएका थिए । आफ्नी बहिनीको अवस्था थाहा पाएपछि उनका दाजु साम्बले बहिनीलाई पूर्ववत् अवस्थामा फर्काउन कठोर तपस्या गरे । उनको तपस्याबाट प्रसन्न भएर कार्तिक पूर्णिमाका दिन बहिनीले पुनः पुरानै स्वरूप प्राप्त गरेको धार्मिक मान्यता छ ।

पत्नी श्यामाको वियोग सहन नसकेर उनका पति चारुवक्य पनि चराको रूप धारण गरी उनीसँगै बस्न थालेको कथामा उल्लेख छ । उनीहरू बसेको वृन्दावनमा विरोधीहरूले आगो लगाएर दुःख दिने प्रयास गरे पनि दाजुको तपस्या र सहयोगबाट अन्ततः उनीहरू पुनः मानव रूपमा फर्किएको किंवदन्ती छ । यसरी सामा-चकेवाको मूल कथामा पति-पत्नीबीचको प्रेम, समर्पण र दाजुभाइको सहयोगको प्रसङ्ग जोडिएको पाइन्छ । कालान्तरमा मौखिक परम्परामार्फत कथाको स्वरूप परिवर्तन हुँदै जाँदा दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम र आत्मीयता नै यस पर्वको मुख्य भावका रूपमा स्थापित भएको संस्कृतिविद्हरूको भनाइ छ ।

लोकगीतमा प्रतिबिम्बित मिथिलाको जनजीवन

समाजशास्त्री पुनम चौधरी भन्नुहुन्छ, "सामा-चकेवा पर्वका गीतमा मिथिलाको सामाजिक जीवन, पारिवारिक सम्बन्ध, प्रकृति, प्रेम र मानवीय संवेदना प्रतिबिम्बित हुन्छन् । यी गीत पुस्तौंदेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका छन् ।" महिलाहरू घरबाट सामा-चकेवाका आकृति राखिएको डाला बोकेर निस्कँदा गाउने गीतले पनि यस पर्वको सांस्कृतिक महत्त्व उजागर गर्छ ।

'डालाले बहार भेली, बहिनो से फलाँ बहिनो' जस्ता गीतमा दिदीबहिनीले आफ्नो डाला र त्यसमा राखिएका आकृतिको महत्त्व प्रस्तुत गर्छन् । गीतको संवादमा भाइले डाला हराएको गुनासो गर्ने र त्यसमा के-कस्ता सामग्री सजाइएको थियो भनेर सोध्ने प्रसङ्गसमेत आउँछ । यसले लोकगीतमा पारिवारिक संवाद र नाटकीयताको सुन्दर संयोजन रहेको देखाउँछ ।

पर्वको अन्तिम दिन सामा-चकेवा विसर्जन गरेर फर्किने क्रममा गाइने 'समदाउनी' गीत विशेष भावुक मानिन्छ । यस गीतमार्फत सामालाई अर्को वर्ष पुनः आउने निमन्त्रणा दिँदै बिदाइ गरिन्छ । यसले पर्वको समापनलाई समेत भावनात्मक र सांस्कृतिक महत्त्व प्रदान गर्छ । सामा-चकेवाका गीतमा जनकपुर र मिथिलाको सामाजिक तथा सांस्कृतिक जीवनका प्रसङ्ग पनि समेटिएका छन् । यसले मिथिलाको ऐतिहासिक पहिचान, स्थानीय जीवनशैली र लोकसंस्कृतिको समृद्धिलाई उजागर गर्छ ।

नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने सांस्कृतिक सम्पदा

मिथिलाञ्चलमा सामा-चकेवा पर्वले दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्धलाई आत्मीय बनाउनुका साथै सामूहिकता, सहकार्य र सांस्कृतिक एकतालाई पनि बलियो बनाउँदै आएको छ । विशेषगरी महिलाहरूको सक्रिय सहभागितामा मनाइने यो पर्वले उनीहरूलाई आफ्नो कला, सिर्जनशीलता र सांस्कृतिक पहिचान प्रस्तुत गर्ने अवसर प्रदान गर्छ ।

क्षीरेश्वरनाथ नगरपालिका-२ की अनिता यादवका अनुसार सामा-चकेवा पर्वमा गाउँका महिला तथा किशोरीहरू एकै ठाउँमा भेला भएर गीत गाउने, माटाका आकृति बनाउने र परम्परागत विधि पूरा गर्ने गर्छन् । यसले नयाँ पुस्तालाई आफ्नो भाषा, लोकगीत र संस्कृतिबारे सिक्ने अवसरसमेत प्रदान गरेको छ । महोत्तरी, धनुषा, सर्लाही, सिरहा, सप्तरी, बारा र पर्सालगायत मधेसका जिल्लामा विशेष उत्साहका साथ मनाइने सामा-चकेवा सीमावर्ती भारतीय क्षेत्र बिहारका सीतामढी, मधुबनी, दरभङ्गा र मुजफ्फरपुरलगायत स्थानमा पनि लोकप्रिय छ ।

माटाका आकृति, बाँसको डाला, दियो, लोकगीत र सामूहिक नृत्यको माध्यमबाट प्रस्तुत हुने सामा-चकेवा मिथिलाको अमूर्त सांस्कृतिक सम्पदाको महत्वपूर्ण उदाहरण हो । यसले केवल दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धको कथा मात्र सुनाउँदैन, समाजमा प्रेम, सद्भाव, सहअस्तित्व र पारिवारिक एकताको सन्देशसमेत प्रवाह गर्छ ।

आधुनिकताको प्रभावसँगै परम्परागत लोकगीत र सांस्कृतिक अभ्यासहरू ओझेलमा पर्न सक्ने अवस्थामा सामा-चकेवाजस्ता पर्वको संरक्षण र प्रवर्द्धन आवश्यक देखिन्छ । विद्यालय, स्थानीय तह, सांस्कृतिक संस्था र नयाँ पुस्ताको सहभागितामार्फत यसको मौलिकता जोगाउनसके मिथिलाको पहिचान बोकेको यो विशिष्ट लोकनाट्य आगामी पुस्तासम्म जीवन्त रहन सक्ने उद्देश्य बोकेर पछिल्लो केही

बाँकी अन्तिम पृष्ठमा

छठी गीतको गुञ्जनमा भक्तिमय मिथिला

महोत्तरी, २९ कात्तिक (रासस)।

मौलिक लोकपरम्परा, समुन्नत संस्कृति र प्रत्येक चाडवाडसँग सम्बन्धित गीत मिथिला क्षेत्रका वैभव मानिन्छन्। मधेसको प्राचीन मिथिला क्षेत्रमा सामूहिक रूपमा मनाइने पर्व होउन् वा घरमा आयोजना गरिने शुभकार्य, प्रत्येक अनुष्ठानका लोकपरम्परामा स्थापित गीत छन्। मिथिला अहिले महापर्व छठको उल्लासमा छ। निष्ठा, भक्ति र इष्टदेवप्रतिको समर्पण भावको महापर्व छठमा अहिले जतातते भक्तिरसमा डुबेका लोकभाका गुञ्जदा छन्। सूर्यदेव र षष्ठीदेवी (छठी)को आराधना गरिने यो महापर्वले मिथिला क्षेत्र अहिले भक्तिमय बनेको छ।

'छठी मैया अँगना पधारु, करु कृपा अपार
लाललनाके दीर्घायु दिअ, सुखी रहे परिवार।
धनधान्य सँ भरल रहे, सबहक घरदुआर,
अँहाक चरणमें शीश झुकाबी, हे मैया दातार।'

छठ पर्वका गीतमा सूर्योपासना, छठीदेवीको महिमा गान र पारिवारिक मङ्गलकामनाका मुख्य भाव समेटिएका हुन्छन्। कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म विभिन्न विधिका साथ सम्पन्न गरिने यस महापर्वका विधि नै पिच्छेका गीत छन्। पहिलो दिन 'नहायखाय', दोस्रो दिन 'खरना', तेस्रो दिन निराहार व्रतसँगै साँझपखको अस्ताउँदा सूर्य र छठीदेवीलाई अर्घ्य दिइने 'सभुकाअरख' र अन्तिम दिन सप्तमीका दिन बिहान उदाउँदा सूर्य र छठीदेवीलाई अर्घ्य दिएर पर्व समापन गरिने 'पारन' यस महापर्वका मुख्य विधि हुन्। मिथिलामा यी सबै विधिमा सूर्य र छठीदेवीको पुकारा गर्दै गीत गाइन्छन्। प्रत्येक गीतमा छठी मैया र सूर्यदेवसँग विनित भावमा पारिवारिक कल्याणको कामना गरिन्छ।

'हे छठी मैया, अरज सुनु हमार,
भ्रिदिअ सुख-सम्पत्ति सँ घरआँगन हमार।
नइ माँगी सोना नइ माँगी चानी,
सुखी रहैक सबहक घरदुआर, बस् एतबे दियौ वरदानी।'

पर्वका 'सभियाअरख' र 'पारन' का दिन गीतबाटै सूर्यको उपासना गरिन्छ। खासगरी साँझको अर्घ्य दिएर घाटमै बिहानको सूर्योदय पर्खने आम चलन छ। लामो निराहार व्रत गरेका बर्तालु अन्तिम दिन बिहान सूर्यलाई चाँडै उदाइदिन गीतबाटै अनुनय विनय गर्छन्।

'उगु हे सुरुज देव, अरघके बेर भेल,
अँहाक दर्शनक लेल, अँखियाबाट तकैत रहल।
दीन-दुखियाक दुःख हरु, हे दिनकर भगवान,
अहाँक कृपा बनल रहे, हमरासभपर महान।'

महापर्वका खास विधिमा गाइने गीत र छठी माताका महिमा गान दीपावली सकिनासाथ यस क्षेत्रमा गुञ्जन लागेका हुन्। महापर्वमा यहाँका लोकभाकामा गाइने अधिकांश गीतमा छठीदेवीलाई दयाकी खानी र सूर्यदेवलाई सम्पूर्ण उर्जाका स्रोत र दुःखहर्ता इष्टदेवका रुपमा पुकारिएका भाव पाइन्छन्। मुख्यत सूर्य उपासनाको यो महापर्वमा सूर्यपत्नी षष्ठीको महिमागानले इच्छित मनोकामना पूरा हुने मैथिल जनविश्वास रहेको बर्दिबास-९ पशुपतिनगरस्थित राष्ट्रिय माध्यमिक विद्यालय बनरझुल्लाका प्रधानाध्यापक सूर्यनारायण दास बताउनुहुन्छ।

"पत्नीको गरिएको महिमागानले सूर्यदेव चाँडै प्रसन्न हुने विश्वास बनेको छ", दास भन्नुहुन्छ, "त्यसैले सूर्य उपासनाको पर्व भए पनि गीतचाहिँ बढी छठी मैयाका महिमा गानका सुनिन्छन्।" पहिलोचोटी छठ व्रत थालेकी एक युवतीको छठीमैयासँग गीतमा यस्तो विन्ती सुनिन्छ।

'पहिलेपहिले बेर करैछी छठी मैयाके पुकार,
हे मैया, हम कुछ न जानी, हमरा करियौ उद्धार !!"

पर्वका प्रत्येक विधि र तयारीसँग जोडिएका गीत छन्। पर्वका लागि सामग्री तयार गरिँदा, प्रसाद सामग्री बनाउन जाँतो/ढिकी चलाउँदा कुट्दाका र विधिवत पर्व सुरु भएपछिका प्रत्येक विधिभित्रका क्रियाकलाप बर्तालु मिथिलानी मधुर गीतबीच नै पूरा गर्छन्।

यसपालिको छठ महापर्व बर्तालुले शुक्रबार 'नहाय-खाय' विधिबाट सुरु गरेका हुन्। पर्वको दोस्रो दिन 'खरना', तेस्रो दिन आइतबार निराहार व्रतमा रही बर्तालुले साँझ अस्ताउँदा सूर्यलाई अर्घ्य दिएर 'सभ्रुकाघाट' सम्पन्न गर्नेछन्। सोमबार बिहान उदाउँदा सूर्यलाई अर्घ्य दिँदै 'पारन' गरिएसँगै पर्व सम्पन्न हुनेछ।

'नहाय-खाय' विधि आत्मिक र शारीरिक शुद्धिबाट सुरु गरिन्छ। यसका लागि बर्तालुले सबैभन्दा पहिले हातगोडाका नङ काट्ने गर्छन्। यसैगरी धार्मिक महत्वको जलाशयमा पवित्र स्नान गरेर व्रत सङ्कल्प गर्छन्। अरवा (नउसिनिएको) चामलको भात र हरियो सागसब्जीमात्र खाएर बस्ने हुँदा मैथिल परम्परामा यस दिनलाई 'अरबाअर्बाइन' पनि भनिन्छ। पर्वको पहिलो दिन बर्तालु जलाशयमा नुहाउने बेलामा यससँग जोडिएको भक्तिगीत यसरी गुञ्जन्छ।

'भोरुकामें नदीया नहाइ, हे दिनानाथ,
फूलपान चढाइ ना,
बाबा, तोहर सब गुन गाइना...!'

छठ महापर्वका सबै विधिका गीतमा भक्ति, श्रद्धा र समर्पण भाव समेटिएको हुने मैथिल लोकपरम्पराका अध्येता मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउनुहुन्छ।

पर्वका गीतमा सूर्यको महिमा गाइएको हुन्छ। जसमा जगतलाई प्रकाश दिएर उज्यालो छरेको वर्णन हुन्छ। यसैगरी षष्ठीदेवी, जसलाई मैथिल बोलिचालीमा 'छठीमाता' भनिन्छ, उहाँ अत्यन्त दयालु र दुःखीको पुकारा सुन्ने देवीका रूपमा महिमागान हुने गरेको छ। यस्ता गीतमा षष्ठीदेवीलाई दीनदुःखीप्रति करुणा गर्ने भाव व्यक्त हुने गरेको छ। महापर्वको उल्लास र मधुरवाणीमा गुञ्जने छठका लोकभाकाले अहिले मिथिला क्षेत्रको सम्पूर्ण परिवेश भक्तिमय बनेको छ।

व्रत समापनको अन्तिम अर्थात् चौथो दिन सप्तमी तिथिको बिहान जलाशयको कम्मरसम्म डुब्ने पानीमा चोबलिएर बर्तालुले सूर्यलाई अर्घ्य स्वीकार गरीदिन विनय गर्छन्।

'अरघके बेर भेलै हो दिनानाथ,
करियौ अरघ स्वीकार !
जलबीच करुणा मरौछी,
हे छठी मैया, नारियल लठार !!

पर्वका यिनै विधिसँग जोडिएका भक्तिगीत अहिले गुञ्जदा सिङ्गो मिथिला भक्तिमय र छठमय बनेको छ। सबै भेटघाट छठका लागि छन्। सबै काम छठप्रति समर्पित छन्। मिथिलामा यो पर्वको व्रत पुरुष/महिला दुवैले लिनसक्ने विधान भए पनि चलनमा भने अधिकांश घरमूली महिलाले लिने गरेका छन्। लगभग सबै जाति समुदायले मनाउने यो पर्व मिथिला संस्कृतिको अभिन्न अङ्ग र लोकआस्थाको महापर्व रहेको पाका मैथिल सगर्व बताउँछन्। यी गीतले सबैप्रति समभाव र करुणा राख्न सम्पूर्ण मानव जगत्लाई सन्देश दिने गरेका मटिहानी-७ का बासिन्दा प्रेस स्वतन्त्रता सेनानी ९० वर्षीय विन्देश्वरीप्रसाद मण्डलको धारणा छ।

जनताको आशा र भरोसामाथि तुषारापात हुन दिँदैनौं : सभापति लामिछाने

जनकपुरधाम, २९ कात्तिक (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जनताले पार्टीप्रति देखाएको आशा, विश्वास र भरोसामाथि तुषारापात हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

छठ पर्वका अवसरमा रास्वपाले शनिबार जनकपुरधाममा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले अब जनताका बीचमा आश्वासन र वाचापत्र बोकेर नभई परिणाम लिएर जाने बताउनुभयो।

जनताले पार्टीलाई दिएको अपार विश्वासलाई खेरजान नदिने उल्लेख गर्दै सभापति लामिछानेले जनतालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "हामी जे बोल्छौं, त्यही गर्छौं र जे गर्छौं, त्यही बोल्छौं।"

पार्टीको विधि, विधान र प्रक्रियाविपरीत टिकट वितरणका नाममा आर्थिक लेनदेन गर्ने जोकोहीलाई कारवाही गरिने उहाँले स्पष्ट पार्नुभयो। रास्वपाले गरिब तथा विपन्न बस्तीमा टिकट नभई शिक्षा, स्वास्थ्य र रोजगारी पुऱ्याउने उद्देश्य राखेको उहाँको भनाइ थियो। "यो ऐतिहासिक अवसर कुनै व्यक्तिलाई खुसी पार्न आएको होइन, जनताको अनुहारमा मुस्कान ल्याउन आएको हो", उहाँले भन्नुभयो।

सभापति लामिछानेले जनताको हितका सवालमा आफ्नो पार्टीको सरकार भए पनि वा अर्को पार्टीको सरकार भए पनि सही कामको समर्थन र गलत कामको विरोध गर्ने बताउनुभयो। यसलाई उहाँले आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा व्याख्या गर्नुभयो। उहाँले सरकारले जनतासमक्ष गरेका प्रतिबद्धता पूरा गर्न तल्लीन रहेको उल्लेख गर्दै जनताको अपेक्षाअनुसार परिणाममुखी काम गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा पार्टीका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो। रास्वपा सभापति लामिछाने दम्पती छठ पर्व मनाउन शनिबार जनकपुरधाम आइपुग्नुभएको हो।

रास्वपाको २० सदस्यीय प्रमण्डल चीन प्रस्थान

काठमाडौं, २९ कात्तिक (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का महामन्त्री विपिनकुमार आचार्यको नेतृत्वमा २० सदस्यीय प्रतिनिधिमण्डल चीनको १० दिवसीय भ्रमणमा आइतबार त्यसतर्फ प्रस्थान गरेको छ।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को निमन्त्रणामा भ्रमणमा रहेको टोलीले चीनमा रहँदा सुशासन, आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धिलगायत विषयमा छलफल गर्नेछ।

दुवै पार्टीले यस भ्रमणलाई नेपाल र चीनबीचको आपसी समझदारी, राजनीतिक संवाद तथा विकास सहकार्यलाई अझ सुदृढ बनाउने अवसरका रूपमा लिएको रास्वपाका प्रवक्ता जगदीश खरेलले राससलाई जानकारी दिनुभयो।

भ्रमण दलमा रास्वपाका सांसदहरू गणेश पराजुली, हरि ढकाल, कविन्द्र बुर्लाकोटी, लिमा अधिकारी आचार्य, समीक्षा बास्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रीमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा धनञ्जय रेग्मी, गजला शमिम मिकरानी, श्रीराम न्यौपाने, डा राम लामा, पुनमकुमारी अग्रवाल, डा आनन्दबहादुर चन्द, डा सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा सहभागी हुनुहुन्छ।

विश्व समाचार

जलवायु प्रतिबद्धता कार्यान्वयनमा लैजान राष्ट्रसंघको जोड

अन्ताल्या, टर्कीए, २९ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी कार्यकारी सचिव साइमन स्टिलले जलवायु परिवर्तनविरुद्धको विश्वव्यापी प्रयासलाई प्रभावकारी बनाउन वार्ताकारहरूलाई बाँकी समयको सदुपयोग गर्दै शीघ्र निर्णय लिन आग्रह गर्नुभएको छ।

टर्कीको तटीय सहर अन्ताल्यामा जारी संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी ३१औं सम्मेलन (कोप-३१) मध्यबिन्दुमा पुगेका बेला शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले कठिन विषयहरूमा तत्काल छलफल अघि बढाउन र रणनीतिक ढिलाइ नगर्न सबै पक्षलाई आह्वान गर्नुभएको हो।

स्टिलले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सहमति कायम गर्न सबै सहभागी राष्ट्रले लचकता अपनाउँदै आपसी समझदारी र सहकार्य गर्नुपर्ने बताउनुभयो। उहाँका अनुसार वार्ताका क्रममा प्रत्येक शब्द र वाक्यमा सहमति जुटाउनु चुनौतीपूर्ण भए पनि साझा लक्ष्य हासिल गर्न त्यस्तो प्रयास आवश्यक छ। सबै पक्षको सम्झौता र सहकार्यबिना सामूहिक सफलता सम्भव नहुने उहाँको भनाइ थियो।

उहाँले कोप-३१ मा जलवायु परिवर्तनसँग सम्बन्धित व्यावहारिक पहलहरूले गति लिइरहेको जानकारी दिनुभयो। अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्दै स्वच्छ ऊर्जा, जलवायु उत्थानशील पूर्वाधार, हरित उद्योग तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा ठोस काम अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

जलवायु परिवर्तनविरुद्धको अभियानलाई सफल बनाउन सरकारी नीति र अन्तर्राष्ट्रिय सम्झौतामा मात्र सीमित नराखी विश्वभरका अर्बौं मानिसको दैनिक जीवनसँग जोड्नुपर्ने पनि स्टिलले बताउनुभयो। यसका लागि खेलकुद, मनोरञ्जन र संस्कृतिजस्ता लोकप्रिय क्षेत्रलाई जलवायु सचेतना तथा समाधानको माध्यम बनाउन सकिने उहाँको धारणा थियो।

उहाँले जलवायु परिवर्तनका असर र समाधानलाई नागरिकका प्रत्यक्ष आवश्यकतासँग जोड्नुपर्ने उल्लेख गर्दै गुणस्तरीय स्वास्थ्य सेवा, रोजगारीका अवसर तथा सस्तो र भरपर्दो ऊर्जालाई यस अभियानको केन्द्रमा राख्नुपर्ने बताउनुभयो।

सोमबारदेखि सुरु भएको कोप-३१ सम्मेलन नोभेम्बर २० सम्म सञ्चालन हुनेछ। सम्मेलनको मुख्य उद्देश्य जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई ठोस कार्यान्वयनमा रूपान्तरण गर्नु हो। विशेषगरी विकासशील राष्ट्रका लागि जलवायु वित्तको विस्तार, जलवायु अनुकूलनका कार्यक्रम तथा स्वच्छ ऊर्जातर्फको संक्रमणलाई सम्मेलनले प्राथमिकता दिएको छ। सम्मेलनको बाँकी अवधिमा यी विषयमा सहमति जुटाउन र प्रतिबद्धतालाई व्यवहारमा उतार्न सबै राष्ट्रबीच सहकार्य आवश्यक रहेको छ।

इरानविरुद्ध एकजुट हुन नेतान्याहुको प्रस्ताव

जेरुसेलम, २९ कात्तिक (रासस/सिन्ह्वा)।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानको आणविक कार्यक्रमबाट उत्पन्न हुन सक्ने खतराको सामना गर्न राष्ट्रिय एकता सरकार गठन गर्न पुनः आह्वान गर्नुभएको छ।

शनिबार पूर्वरेकर्ड गरिएको सम्बोधनमार्फत उहाँले इरानले आफ्नो आणविक कार्यक्रम पुनः सक्रिय बनाउन खोजिरहेको आरोप लगाउँदै इजरायलको सुरक्षाका लागि सबै राजनीतिक दलबीच सहकार्य आवश्यक रहेको बताउनुभयो।

नेतान्याहुले नयाँ सरकार गठनको जिम्मेवारी पाउनुभएका आफ्ना राजनीतिक प्रतिद्वन्द्वी गाडी आइसेनकोटलाई कुनै पूर्वसर्त नराखी गठबन्धन निर्माणका लागि वार्ता सुरु गर्न आग्रह गर्नुभएको छ।

"इजरायलको विनाश चाहने इरानी शासनले पुनः आफ्नो आणविक कार्यक्रम अघि बढाउन काम गरिरहेको छ। यस अस्तित्वगत खतरालाई सदाका लागि अन्त्य गर्नुपर्छ," उहाँले सम्बोधनका क्रममा भन्नुभयो।

राष्ट्रिय एकता सरकार गठन भए इजरायलको सुरक्षा आगामी वर्षसम्म सुनिश्चित गर्न सकिने र क्षेत्रीय शान्ति सम्झौतालाई थप विस्तार गर्न मद्दत पुग्ने नेतान्याहुको भनाइ छ।

यसअघि बिहीबार नेतान्याहु र आइसेनकोटबीच सुरक्षा विषयमा छलफल भएको थियो।

गत अक्टोबरमा सम्पन्न संसदीय निर्वाचनपछि नेतान्याहुको दक्षिणपन्थी गठबन्धनले संसद्मा बहुमत गुमाएको थियो। पूर्वसैनिक प्रमुखसमेत रहनुभएका आइसेनकोटलाई राष्ट्रपति इसाक हर्जोगले नयाँ सरकार गठनका लागि २८ दिनको समय दिनुभएको छ। आवश्यक परे उक्त समय थप १४ दिन बढाउन सकिने व्यवस्था छ।

नयाँ सरकार गठन भएर कार्यभार सम्हाल्नुअघि नेतान्याहु नै कामचलाउ प्रधानमन्त्रीका रूपमा पदमा रहनुहुनेछ।

एपीईसी सीईओ सम्मेलनमा १२ अर्थतन्त्रका शीर्ष नेताहरू सहभागी हुने

शेन्झेन, २९ कात्तिक (रासस/सिन्ह्वा)।

एसिया-प्रशान्त आर्थिक सहयोग (एपीईसी) का १२ सदस्य अर्थतन्त्रका शीर्ष नेताहरू एपीईसी सीईओ सम्मेलन २०२६ मा सहभागी हुने भएका छन्। चीनको ग्वाङ्दोङ प्रान्तस्थित सेन्जेनमा नोभेम्बर १७ देखि १८ सम्म आयोजना हुने सम्मेलनमा १२ अर्थतन्त्रका नेताहरू सहभागी हुने चीन काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड (सीसीपीआईटी) ले आइतबार जानकारी दिएको हो।

सीसीपीआईटीकी उपाध्यक्ष ली छिङशुआङले पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार चिनियाँ राष्ट्रपति सी जिनपिङसहित अष्ट्रेलिया, क्यानडा, चिली, चीनको हङकङ, इन्डोनेसिया, दक्षिण कोरिया, मलेसिया, मेक्सिको, रुस, थाइल्यान्ड र भियतनामका नेताहरू सम्मेलनमा सहभागी हुनेछन्। सम्मेलनका क्रममा सहभागी नेताहरूले सम्बोधन गर्ने, मन्तव्य राख्ने तथा विभिन्न विषयगत छलफलमा भाग लिने कार्यक्रम रहेको छ।

सेतो हेरोइनसहित भारतीय नागरिक पक्राउ

काठमाडौँ, २९ कात्तिक (रासस)।

नेपाल प्रहरीले साढेपाँच किलो सेतो हेरोइनसहित भारतीय नागरिकलाई पक्राउ गरेको छ। प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोको टोलीले साढेपाँच किलो सेतो हेरोइनसहित अन्तरराष्ट्रिय लागुऔषध गिरोहका मुख्य व्यक्तिलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो।

ब्यूरोको टोलीले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल गौचरबाट लागुऔषध ओसारपसारमा सङ्लग्न थाइल्याण्डबाट नेपाल आएका भारत महाराष्ट्रका ५२ वर्षीय रेवराज तिघारेलाई पक्राउ गरी सार्वजनिक गरेको हो।

ब्यूरोका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुवासचन्द्र बोहोराले पक्राउ परेका तिघारे लागुऔषध कारोबारको अन्तरराष्ट्रिय सञ्जालका मुख्य व्यक्ति रहेको अनुसन्धानका क्रममा खुलेको राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार प्रहरीले जाँचका क्रममा निजले साथमा ल्याएको लगेजभित्र बिरालोको खानाको प्याकेटमा लुकाएर राखिएको उक्त मात्राको सेतो हेरोइन बरामद गरेको हो।

बरामद गरिएको हेरोइनको नेपाली बजार मूल्य प्रतिग्राम रु ४० हजारका दरले करिब रु २२ करोड पर्ने ब्यूरोले जनाएको छ। उक्त हेरोइन भारत पुऱ्याएपछि त्यहाँको बजारमा अझै महँगो मूल्यमा बिक्री हुने गरेको ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक बोहोराले बताउनुभयो।

पक्राउ परेका तिघारे यसअघि पनि लाओस हुँदै नेपाल दुई पटक आएका र नेपालबाट भारतसम्म लागुऔषध पुऱ्याउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उहाँले बताउनुभयो। प्रहरीले पक्राउ परेका व्यक्तिको साथबाट मेकानिकल इञ्जिनियरिङको प्रमाणपत्रसमेत बरामद गरेको छ।

तिघारेलाई लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम थप अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ। उक्त ऐनअनुसार बरामद लागुऔषधको परिमाण र कसुरको प्रकृतिका आधारमा १५ वर्षदेखि जन्मकैदसम्मको सजाय र रु पाँच लाखदेखि रु २५ लाखसम्म जरिवाना हुन सक्ने कानुनी व्यवस्था रहेको ब्यूरोले जनाएको छ।

पार्टीका लागि निरन्तर योगदान गर्छु : पूर्वप्रधानमन्त्री देउवा

ललितपुर, २९ कात्तिक (रासस)।

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले व्यक्तिगत पद र प्रतिष्ठाभन्दा देश, जनता र पार्टीप्रतिको जिम्मेवारी ठूलो भएको बताउनुभएको छ।

कांग्रेसको देउवा समूहको ललितपुरको १५औँ नियमित जिल्ला अधिवेशनको शनिबार महालक्ष्मीस्थानमा उद्घाटन गर्दै उहाँले आफूलाई अब कुनै पदको अपेक्षा नरहेको र पार्टी तथा देशका लागि निरन्तर योगदान गर्ने बताउनुभयो।

कांग्रेस जनताको त्याग र बलिदानबाट स्थापित पार्टी भएकाले कसैले आफ्नो स्वार्थअनुसार नियन्त्रण गर्न नसक्ने उल्लेख गर्दै उहाँले पार्टीको इतिहास र विरासतको सम्मान गर्दै एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

पार्टीभित्रका विवाद र विशेष महाधिवेशनसम्बन्धी विषय विधि, विधान र न्यायिक प्रक्रियाबाट समाधान गर्नुपर्ने उहाँको भनाइ थियो।

कार्यक्रममा कांग्रेस नेता मदनबहादुर अमात्य, राष्ट्रियसभा सदस्य जीतजङ्ग बस्नेत, बागमती प्रदेशका पूर्वमन्त्री उर्मिला केसी नेपाल र निवर्तमान क्षेत्रीय सभापति महेश्वर थापाले पार्टीको आन्तरिक एकता, नियमित महाधिवेशन र सक्षम नेतृत्व चयनमा जोड दिनुभयो।

जलवायु वार्तामा आदिवासीका मुद्दा प्राथमिकताका साथ उठाउने मन्त्री चौधरीको प्रतिबद्धता

अन्ताल्या (टर्किए), २९ कात्तिक (रासस)।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जलवायु परिवर्तनबाट प्रभावित आदिवासी जनजाति समुदायका अधिकार, पहिचान, संस्कृति र पुर्ख्यौली थातथलोको संरक्षणका मुद्दा राष्ट्रिय तथा अन्तरराष्ट्रिय मञ्चमा सशक्त रूपमा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेपाल आदिवासी जनजाति महासङ्घले कोप-३१ का सन्दर्भमा शनिबार यहाँ आयोजना गरेको छलफलमा मन्त्री चौधरीले जलवायु परिवर्तन र विपद्का कारण आदिवासी जनजाति समुदायको थातथलो, संस्कृति र परम्परागत जीवनशैलीमा परेको असरलाई जलवायु अनुकूलन तथा विकासका योजनामा समेट्नुपर्ने बताउनुभयो।

आदिवासी जनजाति समुदायको आन्दोलन र समावेशिताका लागि भएका सङ्घर्षको उपलब्धिस्वरूप आफू जिम्मेवारीमा पुगेको उल्लेख गर्दै उहाँले समुदायका मुद्दा उठाउन आफू प्रतिबद्ध रहेको बताउनुभयो। अन्तरराष्ट्रिय वार्ता तथा उच्चस्तरीय बैठकमा उठाउनुपर्ने विषय र सुझाव समयमै उपलब्ध गराउन आग्रह गर्दै उहाँले ती मुद्दालाई आफ्नो मन्तव्य र वार्तामा समेट्ने प्रतिबद्धता जनाउनुभयो।

छलफलमा सहभागी आदिवासी अभियन्ता तथा प्रतिनिधिहरूले जलवायु परिवर्तनबाट प्रभावित समुदायको अधिकार, संस्कृति, पुर्ख्यौली भूमि र जीविकोपार्जनका सवाललाई कोप-३१ लगायत अन्तरराष्ट्रिय जलवायु वार्ता तथा निर्णय प्रक्रियामा प्राथमिकताका साथ समेट्न माग गरेका थिए।

उनीहरूले हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढ्दै• गए पनि त्यसबाट बढी प्रभावित आदिवासी जनजाति समुदायका मुद्दा अन्तरराष्ट्रिय मञ्चमा पर्याप्त रूपमा उठ्न नसकेको बताए। हालैको रसुवा-भोटेकोशी विपद्बाट प्रभावित समुदायको अवस्था तथा उनीहरूको पुर्ख्यौली थातथलो र सांस्कृतिक सम्पदाको संरक्षणलाई नेपालको जलवायु वार्ताको प्राथमिकतामा राख्नुपर्नेमा पनि उनीहरूले जोड दिए।

छलफलमा वनमन्त्रीका सल्लाहकार अभिषेक श्रेष्ठले नेपाल र भुटानले संयुक्त रूपमा पर्वतीय क्षेत्रमा तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने विषय संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (यूएनएफसीसीसी) को प्रक्रियामा अघि बढाएको जानकारी दिनुभयो।

उक्त पहलमा पर्वतीय कार्य कार्यक्रम स्थापना, संयुक्त राष्ट्रसङ्घीय मञ्चमा उच्चस्तरीय राजनीतिक छलफललाई निरन्तरता, हिमाली क्षेत्रमा तापक्रम वृद्धिसम्बन्धी वैज्ञानिक अनुसन्धान तथा त्यसको प्रभाव न्यूनीकरण र हिमाली क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति समुदायलाई जलवायु न्याय सुनिश्चित गर्ने विषय समेटिएको उहाँले बताउनुभयो।

सहभागीहरूले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा हिमाली क्षेत्रका मुद्दा उठाउँदा त्यहाँका आदिवासी जनजाति, महिला, युवा तथा अपाङ्गता भएका व्यक्तिका सवाललाई पनि एकीकृत रूपमा प्रस्तुत गर्नुपर्नेमा जोड दिएका थिए।

पश्चिमी वायुको प्रभावले केही स्थानमा वर्षा र हिमपातको सम्भावना

काठमाडौँ, २९ कात्तिक (रासस)।

हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको तथा हिमाली र पहाडी भागमा आंशिक बादल लागेको छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार आइतबार दिउँसो हिमाली भाग तथा कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागमा साधारणतया बादल लाग्नेछ भने बाँकी पहाडी र तराई भेगमा आंशिक बादल लाग्नेछ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भागका केही र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका केही स्थानमा मेघगर्जन, चट्याङ र असिनासहित मध्यम वर्षा तथा हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ। कोशी, बागमती र लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी भागका एकदुई स्थानमा हल्का वर्षा तथा हिमपात हुन सक्नेछ।

आइतबार राति देशका हिमाली भागमा साधारणतया बादल लाग्नेछ भने कोशी प्रदेशलगायत पहाडी भेगमा आंशिक बादल लाग्नेछ। तराई, उपत्यका तथा खोँचका केही स्थानमा बिहानपख हुस्सु तथा कुहिरो लाग्ने सम्भावना छ। हिमाली भूभाग तथा कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागका एकदुई स्थानमा हल्का वर्षा तथा हिमपात हुन सक्नेछ।

महाशाखाले सम्भावित वर्षा, हिमपात, चट्याङ र असिनाको जोखिमलाई ध्यानमा राखी सर्वसाधारण तथा सम्बन्धित निकायलाई पछिल्लो मौसमी सूचना र पूर्वानुमानबारे नियमित जानकारी लिन आग्रह गरेको छ।

निधि भवन राजर्षी जनक विश्वविद्यालयलाई हस्तान्तरण

जनकपुरधाम, २९ कात्तिक (रासस)।

सरकारले जनकपुरधामस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवन राजर्षी जनक विश्वविद्यालयलाई हस्तान्तरण गरेको छ।

सरकारको निर्णयअनुसार भवनका सम्पूर्ण भौतिक संरचना विश्वविद्यालयलाई हस्तान्तरण गरिएको हो। भवन प्राप्त भएसँगै स्थापनाको नौ वर्षदेखि भाडाको घरबाट सञ्चालन हुँदै आएको विश्वविद्यालयले आफ्नै शैक्षिक तथा प्रशासनिक गतिविधि सञ्चालन गर्ने पूर्वाधार पाएको छ।

विश्वविद्यालय र निधि भवन दुवैको स्थापनामा भूमिका निर्वाह गर्नुभएका पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले शनिबार भवनको अवलोकन गर्नुभयो। सो अवसरमा उहाँले भवन हस्तान्तरणबाट विश्वविद्यालयको शैक्षिक गतिविधि विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै खुसी प्रकट गर्नुभयो।

उहाँले दुवै संस्थालाई एउटै छातामुनि राख्ने आफ्नो चाहना पूरा भएको उल्लेख गर्दै सङ्घीय सरकारको निर्णयप्रति आभार व्यक्त गर्नुभयो।

विश्वविद्यालयले भवनलाई शैक्षिक तथा प्रशासनिक गतिविधिका साथै मिथिला कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा उपयोग गर्ने जनाएको छ। चालु वर्ष भवनमा तीनवटा अन्तरराष्ट्रिय सम्मेलन आयोजना गर्ने तयारीसमेत गरिएको छ।

अत्याधुनिक सभाहल र दुईतले प्रशासनिक भवनलगायतका संरचना रहेको निधि भवन विश्वविद्यालयको शैक्षिक गतिविधि विस्तारमा उपयोग हुने अपेक्षा गरिएको छ।

रास्वपा र सरकारबीच विवाद छैन : सभापति लामिछाने

धनुषा, २९ कात्तिक (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टी र सरकारबीच कुनै विवाद नरहेको स्पष्ट पार्नुभएको छ।

जनकपुरधाममा शनिबार आयोजित छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सरकारलाई पार्टीले दिने सुझाव र आलोचनालाई विवाद वा फुटको सङ्केतका रूपमा बुझ्न नहुने बताउनुभयो। पार्टीभित्रको बहस र आलोचना आन्तरिक लोकतन्त्रको अभ्यास भएको उहाँको भनाइ थियो।

सरकारलाई कहिलेकाहीँ सुझाव र आलोचना दिँदा अनावश्यक हल्ला हुने गरेको उल्लेख गर्दै उहाँले त्यस्ता हल्लामा विश्वास नगर्न आग्रह गर्नुभयो। सरकार आफ्ना प्रतिबद्धता पूरा गर्न केन्द्रित रहेको उहाँले बताउनुभयो।

सभापति लामिछानेले यसपटक जनताले रास्वपालाई परिवर्तनको अवसर दिएको उल्लेख गर्दै मधेशका जनताले त्यसको अनुभूति गर्न नसके आगामी निर्वाचनमा आफू मत माग्न नआउने बताउनुभयो। जनतालाई झुक्याएर मत माग्ने राजनीति आफूलाई स्वीकार्य नहुने उल्लेख गर्दै उहाँले प्राप्त अवसरलाई धोका नदिन पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो।

उहाँले पार्टीको उम्मेदवार बनाइदिने भन्दै केही व्यक्तिले अग्रिम रकम माग्न थालेको सूचना आफूले पाएको बताउनुभयो। रास्वपाले अहिलेसम्म कसैलाई पनि निर्वाचनको टिकट दिने वाचा नगरेको स्पष्ट पार्दै उहाँले टिकट दिलाइदिने प्रलोभनमा रकम माग्ने व्यक्तिबाट सचेत रहन आग्रह गर्नुभयो।

"उम्मेदवार म बनाइदिन्छु, टिकट म दिलाइदिन्छु भनेर अग्रिम रकम मागिएको सुनिएको छ। म शनिबार यही मञ्चबाट घोषणा गर्दछु कि त्यस्ता सबै अग्रिम रकम डुबे", उहाँले भन्नुभयो।

टिकटको प्रलोभन देखाएर रकम माग्ने व्यक्तिविरुद्ध नजिकको प्रहरी कार्यालयमा उजुरी दिन आग्रह गर्दै उहाँले पार्टीको विधि र विधानविपरीत आर्थिक लेनदेन गर्नेबारे सूचना दिनेलाई विशेष सम्मान गरिने बताउनुभयो।

"मधेशले मालिक खोजेको होइन, सेवक खोजेको हो। हामीले फेर्नुपर्ने हाम्रा सांसदको जीवनशैली होइन, मतदाताको जीवन फेर्नुपर्नेछ", उहाँले भन्नुभयो।

भन्सार छलिका १६ लाखभन्दा बढीको अवैध सामान बरामद

वीरगञ्ज (पर्सा), २९ कात्तिक (रासस)।

सशस्त्र प्रहरी बल, नेपाल पर्साद्वारा रु १६ लाखभन्दा बढीको अवैध सामान बरामत गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल नं.१३ गण हेड क्वाटर पर्सा तथा मातहत कार्यालयबाट खटिएको टोलिले शनिबार भारतबाट अवैध रूपमा भन्सार छली विभिन्न सवारीसाधनमा लोड गरी नेपालतर्फ ल्याउँदै गरेको सो रकम बराबरको अवैध सामान वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गर्नुका साथै नष्ट गरिएको सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले जानकारी दिनुभयो।

सशस्त्र प्रहरीले रु एक लाख ४३ हजार ४५१ बराबरको भिटामिन औषधी, विन्दवासिनी गाउँपालिका-३ भौवागुठीस्थित विओपि अमरपट्टीबाट खटिएको टोलीले भारतबाट अवैध रूपमा भन्सार ल्याउदै गरेको एक लाख दश हजार बराबरको कपडाहरू बरामद गरि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाएको छ।

साथै जिल्ला बारा र पर्साको सीमा नजिक छाप्रोमा भन्सार छलि ल्याई कपडाहरू लुकाई छिपाई राखेको विषेश सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेड क्वाटर पर्सा र नम्बर १२ गण हेड क्वाटर बाराबाट खटिएको संयुक्त टोलीले खानतलासी गरि नौ लाख ७० हजार बराबरको कपडा बरामद गरि भन्सार बुझाइएको छ।

त्यसैगरि मातहत कार्यालयबाट खटिएको टोलीले विभिन्न स्थानबाट रु चार लाख पाँच हजार ५९० बराबरको मोटर साइकल, औषधि, तरकारी, जुत्ता, अगरबत्ती, नरिवल लगायतका विभिन्न सामान बरामद गरी वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाएको छ। विओपी प्रसौनीभाट्टाबाट खटिएको टोलीले नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरेको रु १२ हजार बराबरको ६० लिटर घरेलु मदिरा बरामद गरि आवश्यक प्रक्रिया पुऱ्याइ नष्ट गरिएको छ।

माटाका आकृतिमा...

वर्षदेखि मैथिली विकास कोषले सामाचकेवा महोत्सव आयोजना गर्दै आएको छ।

यस वर्ष पनि मङ्सिर ५ गतेदेखि जानकी मन्दिर प्राङ्गणमा सामाचकेवा प्रतियोगिताको आयोजना हुने कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिनुभएको छ। कोषका अध्यक्ष चौधरीले सामा-चकेवा मिथिला सांस्कृतिमा भाइबहिनीबीचको प्रेमलाई प्रगाढ बनाउने सांस्कृतिक रहेकोले यसलाई संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले आफूहरूले महोत्सव आयोजना गर्दै आएको बताउनुभयो।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*